# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

## बौद्ध, काठमाण्डौको

### २४औं वार्षिक साधारण सभाको निर्णय

१. **२४औं बार्षिक साधारण सभा :**

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०७७।११।१४ गते तारागाउँ रिजेन्सी होटल्स लिमिटेड, बौद्ध, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष श्री राधेश्याम सराफज्यूको सभापतित्वमा दिनको ११:०० बजे शुरु भई दिउसो १२:१० बजे समापन भएको २४औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम छन् ।

२. **उपस्थिति:**

(अ) **सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री राधेश्याम सराफ | अध्यक्ष |
| श्री अरुण कुमार सराफ | प्रवन्ध सञ्चालक |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री वरुण सराफ | सञ्चालक |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक |
| श्री उमेश सराफ | सञ्चालक (अनलाइन माध्यमबाट सहभागी) |
| श्रीमती दिजा श्रेष्ठ | सञ्चालक (अनलाइन माध्यमबाट सहभागी) |
| श्री मनोज प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |

| | |
|---|---|
| श्री श्रीबत्स शम्सेर् जंगबहादुर राणा | स्वतन्त्र सञ्चालक |

**(आ) व्यवस्थापन समूह :**

| | |
|---|---|
| श्री रमण कुमार कर्ण | कम्पनी सचिव |
| श्रीमती रानी बंग | बरिष्ठ उपाध्यक्ष |
| श्री गोविन्द राम परियार | जन-सम्पर्क निर्देशक |
| श्री गोविन्द गडतौला | एकाउण्टस् एक्जुकेटिभ |
| श्री बनिता अग्रवाल | असिस्टेण्ट मेनेजर एसेस्ट मेनेजमेण्ट |

**(इ) पर्यवेक्षक, प्रतिनिधि, निर्वाचन अधिकृतको उपस्थिति :**

| | |
|---|---|
| श्रीमती रश्मी श्रेष्ठ | तारागाउँ विकास समिति |
| श्री लबेन्द्र सिंह मल्ल | याक एण्ड यति होटल लि. |
| श्री अरुण कुमार सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. हङकङ |
| श्री मनोज प्रसाद राजभण्डारी | आइसिटिसी होल्डिङ्ग प्रा लि |
| श्री वरुण सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. वि.भि.आई. |
| श्री सरोज आचार्य | राष्ट्रिय वाणिज्य बैंक लि. |
| श्री हरि प्रसाद अधिकारी | कम्पनी रजिष्टार कार्यालय |
| श्री सचित कृष्ण जोशी | सुन्दर एण्ड कम्पनी (लेखापरिक्षक) |
| श्री प्रमोद कुमार स्वर्णकार | बि.के.अग्रवाल एण्ड कम्पनी (लेखापरिक्षक) |
| श्री कृष्ण प्रसाद पनेरु | निर्वाचन अधिकृत |

**(ई) शेयरधनीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. उपस्थिति शेयरधनीहरुको संख्या | ११४ | **जना** |
| (क) शेयरधनी स्वयंबाट | ४४ | **जना** |
| (ख) प्रतिनिधि (प्रोक्सी) बाट | ६ | **जना** |
| (ग) प्रतिनिधि (प्रोक्सी) Zoom मार्फत | १ | **जना** |
| (घ) शेयरधनी Zoom मार्फत | ६३ | **जना** |
| २. शेयरधनीहरुको उपस्थिति प्रतिशत | ०.३४ | **प्रतिशत** |
| ३. शेयरको प्रतिनिधित्व संख्या | **१,४९,४६,२०१** | **कित्ता** |



तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत **७९.२२ प्रतिशत**

(उ) यस सभाको मिति २०७७।११।१४ सम्ममा सहभागी हुन पाउने शेयरधनीहरुको कुल संख्या ३३,४२१ मध्ये उपस्थिति शेयरधनीहरु सबैजना सभामा सहभागी हुन योग्य थिए ।

## ३. छलफलका विषयहरुको सूची :

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०७६।०७७ (२०१९।०२०) को सञ्चालक समितिको २४औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरिक्षण गरिएको आर्थिक वर्ष २०७६।०७७ (२०१९।०२०) को वासलात, नाफा वा नोक्सान हिसाब र नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।

३) आ.ब.२०७७/०७८ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) समुह "ग" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचन गर्ने ।

५) कम्पनीको मिति २०७७।९।२३ गते ९ (तद्नुसार ०७ जनवरी २०२१) बिहिबारका दिन बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको १० प्रतिशत (५ प्रतिशत कर समेत) नगद लाभांश बितरण गर्न स्वीकृत गर्ने

**ख) विविध**

## ४. सभाको सूचना प्रकाशन :

(क) साधारण सभा हुने मिति, समय, स्थान, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०७७ माघ २२ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका र मिति २०७७ माघ २३ गते नयाँ पत्रिका दैनिकमा गरि जम्मा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव सहितको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको website www.taragaon.com मा राखिएको र इमेल मार्फत पठाईएको थियो । यसका साथै डिम्याट खातामा मोबाईल नम्वर राख्नु हुने शेयरधनी महानुभावहरुलाई SMS मार्फत जानकारी गराइएको थियो ।

## ५. गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या |
|---|---|---|
| **कम्पनीको शेयर** | **३३,४२१** | **१,८८,६६,५४०** |
| स्वयं उपस्थिति | ४४ | २९,१७,३२९ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत | ६ | १,१६,२९,९९४ |
| प्रतिनिधि (प्रोक्सी) Zoom मार्फत उपस्थिति | १ | ३,००,००० |
| Zoom मार्फत उपस्थिति | ६३ | ९८,८७८ |
| **जम्मा उपस्थित** | **११४** | **१,४९,४६,२०१** |
| **प्रतिनिधित्व प्रतिशत** | **०.३४%** | **७९.२२ %** |

## ६. सभाको वैधानिकता तथा सभापतित्व :

(क) साधारण सभा शुरू हुनु भन्दा अघि सभा सञ्चालकले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २४औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो । तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपुरक संख्या पुगेकोले सभाको कारवाही अगाडी बढाइयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्ष श्री राधेश्याम सराफज्यूले गर्नु भयो ।

(ग) सभा शुरु गर्नुभन्दा अगावै कम्पनी सचिवले कम्पनीका हालको लेखापरिक्षक सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठज्यूको स्वर्गारोहण भएको हुदाँ वहाँको आत्माको चिरशान्तिको लागि १ मिनेट मौनधारण गरी दिनुहुन आग्रह गर्नु भयो ।

## ७. सभा संचालन तथा प्रतिवेदन प्रस्तुती :

सभा संचालकज्यूले सर्वप्रथम सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको तर्फबाट कम्पनीको आर्थिक बर्ष २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन संक्षिप्त रुपमा सभामा पढेर सुनाउनु



काठमाडौं

भयो । तत्पश्चात् सभा सञ्चालकज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको कम्पनीको आ.व.२०७६।०७७ को लेखापरिक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफलका लागि भाग लिन तथा यस कम्पनीको कारोवार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामूहिक रुपमा अनुरोध गर्नु भयो ।

## ८. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :

छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस कम्पनीको काम कारवाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनबाट उठेका विभिन्न विषयहरुको सम्बन्धमा आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

- श्री अमृतनाथ रेग्मीज्यू
- श्री चन्द्र नारायण श्रेष्ठज्यू
- श्री रोज कुमार श्रेष्ठज्यू
- श्री डमरु बल्लब घिमिरेज्यू
- श्री महेन्द्र बहादुरज्यू
- श्री अमृतदास रंजितज्यू
- श्री उद्धव प्रसाद घिमिरेज्यू
- श्री गुणराज भट्टज्यू
- श्री शत्रुघन श्रेष्ठज्यू
- श्री रामगोपाल महर्जनज्यू

## ९. शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाव र प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यू र कार्यकारी सञ्चालक श्री सुरेशलाल श्रेष्ठज्यूले दिनुभएको प्रत्युत्तरको मुख्य मुख्य अंशहरु :

### (क) शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाव

➢ अहिलेको यस कोभिड १९ को समयमा पनि शेयरधनिहरुलाई १०% लाभाशं दिन सक्षम भएकोमा संचालक समितिका सम्पुर्ण सदस्यहरुलाई धन्यबाद तथा शेयरधनीहरुलाई बधाई ब्यक्त गर्दछु ।

- अहिलेको यस कोभिड १९ को अवस्थामा पनि प्रतिबेदनलाई सकारात्मक रुपमा पेश गर्न सकेकोमा धन्यबाद ब्यक्त गर्दछु ।
- ब्यापारलाई प्रबर्धन गर्नको लागि नयाँ रणनिति तर्जुमा गरी आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्नु पर्दछ ।
- नेपालमा रहेका श्रोतलाई उपयोग गरि आफ्नो छुट्टै ब्राण्ड बनाउनु पर्दछ, जस्तै: मुस्ताङको स्याउ, ईलामको चिया आदि ।
- बार्षिक प्रतिबेदनमा खर्च तथा आम्दानीहरु सूचाङ्क Ratio/Indicators मा पनि राखिदिएमा शेयरधनीहरुलाई एक पेज हेर्ने बितिकै बुझ्न सजिलो हुने थियो । Finanacial Indicator र Highlights सबै राम्रो छन्, Management, Board, Employee र Hotel association लाई अभिवादन ब्यक्त गर्दछु । यस्तो समयमा पनि Assets बढाउन सकेकोमा बधाई दिन चाहन्छु ।
- होटलले सन् २०२० मा ३ वटा महत्वपूर्ण पुरस्कारहरु पाएकोमा बधाई ब्यक्त गर्दछु ।
- सबैभन्दा बढी कर तिर्ने कम्पनीको रुपमा सम्मानित एवं पुरस्कृत भएकोमा बधाई तथा धन्यवाद दिन चाहन्छु ।
- संचालन खर्चहरु कम गरी कम्पनी ब्यबस्थापन गर्न सकेकोमा धेरै खुसी लागेको छ । Operating Profit र Highlight सबै राम्रो छ ।
- बृद्ध बृद्धाहरुको लागि पनि बिभिन्न Package बनाउनु भएमा राम्रो हुने थियो ।
- आगामी अवधीमा वार्षिक साधारण सभा सकेसम्म दशैं तथा तिहार अगाडि नै गर्न सुझाव दिन चाहन्छु ।
- हाम्रो लेखापरिक्षकसंग कुरा गरी सकेसम्म छिटो लेखापरिक्षणको काम सम्पन्न गरी वार्षिक प्रतिवेदन बनाउनु पर्यो ।
- Covid 19 को कारणले तेस्रो राष्ट्रबाट पर्यटक नेपालमा आउने सम्भावना निकै कम छ तर भारतमा खुलिसकेको हुनाले भारतीय पर्यटकलाई प्रोत्साहित गरि कार्य संचालन गरेमा कम्पनी लाई Covid 19 को असरबाट केहि हदसम्म राहत मिल्न सक्छ ।
- शेयरधनीहरुले बुझिलिने बाँकी रहेको लाभाशं कस-कसको हो त्यसको विवरण कतै उपलब्ध गराई दिएको भए सम्बन्धीत शेयरधनीहरुले बुझिलिने थिए ।
- आगामि बर्ष कम्पनीको २५ औं बार्षिक प्रतिबेदनमा स्मारिका निकाल्न र शेयरधनीहरु तथा कर्माचारीहरुलाई सानो भए पनि मायाको चिनो प्रदान गर्नु पर्दछ ।
- नियमितरुपमा बार्षिक आम्दानी ब्यवस्था गरेकोमा खुसी लागेको छ ।
- पर्यटकहरुलाई नेपाल प्रबेशको लागि सहज वातावरण बनाउनको लागि सरकार समक्ष अनुरोध गर्न जरुरी छ ।
- पर्यटकिय स्थलहरुमा गर्नु पर्ने विकाशको लागि सामाजिक उत्तरदायित्वमा गरिने रकमलाई पर्यटन मन्त्रालय मार्फत अनुरोध गरी खर्च गरिएमा बढी भन्दा बढी पर्यटक नेपाल आउने वातावरण बन्ने छ ।
- कानुनी परामर्श खर्चमा ध्यान दिनहुन अनुरोध गर्दछु ।

- आगामी वर्ष पनि यस्तै प्रतिफलको साथै होटलले आफ्नो व्यवसाय अभिवृद्धि गरी यस वर्षभन्दा बढी लाभाशं दिन सकोस भनी शुभकामना तथा बधाई दिदै वार्षिक साधारण सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

**ख) प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यू र कार्यकारी सञ्चालक श्री सुरेशलाल श्रेष्ठज्यूले दिनु भएको प्रति उत्तरको मुख्य मुख्य अंशहरु:**

संचालक समितिको तर्फबाट कम्पनीको २४औं वार्षिक साधारण सभामा Zoom मार्फत भाग लिइदिनु भएकोमा शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिन चाहन्छु । Covid 19 महामारीको समयमा पनि यस साधारण सभामा सहभागी भई कम्पनीले गरेको राम्रो कामहरुको लागि आफ्ना अमुल्य सल्लाह, सुझावहरु दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । कोभिड महामारीको कारणले पर्यटन क्षेत्रमा प्रभाव पारेको त्यसमा पनि विषेश गरेर हस्पिटालिटि क्षेत्र सवै भन्दा बढी प्रभावित भएको छ । कोरोना भाईरसको असरले गर्दा कम्पनीको आम्दानी धेरै नै घटेको कुरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

पर्यटकको आगमनमा कमी, कोभिड महामारी रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारद्धारा २०७६ चैत्र ११ गतेदेखि २०७७ साउन ०६ गतेसम्म घोषणा गरेको राष्ट्रव्यापी बन्दाबन्दी (लकडाउन), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानहरुमा लगाईएको प्रतिबन्धको कारण होटलको व्यवसाय पूर्णरुपमा ठप्प भएकोले विक्रि तथा नाफा विगतको वर्ष भन्दा ज्यादै कम भएको कुरा जानकारी गराउन चाहन्छु । अगामी वर्षमा कम्पनीको स्थितिमा सुधार आउने आशा गरेका छौ । आर्थिक वर्ष २०७५/०७६ को तुलनामा आर्थिक वर्ष २०७६/०७७ मा होटलको आम्दानी निकै घट्न गएको छ । अहिले पनि कुनै सुधार तथा नयाँ आशाहरु पलाउन सक्ने संभावनाहरु देखिएको छैन । त्यस्तै आर्थिक वर्ष २०७७/०७८ मा अघिल्लो वर्षको तुलनामा करीब दश प्रतिशत मात्र आम्दानी भइरहेको भएता पनि हामी निराशामा बसेका छैनौं । कोभिड विश्वव्यापी महामारी भएको र यसको असर नेपालमा पनि निकै परेको छ । सरकारले पनि कोरोना रोकथाम तथा नियन्त्रणमा राम्रै गरेको छ । होटलको हालको आम्दानी र नोक्सानीको अवस्था हेर्दा आगामी वर्षमा अहिलेको जस्तो लाभांष वितरण गर्न सक्ने संभावना देखिदैन । व्यवसायमा उल्लेखनिय सुधार आई आम्दानी बढ्न गई नाफा आर्जन भएमा मात्र लाभांष वितरण गर्न सकिन्छ ।

यस्तो कोभिड महामारीको अवस्थामा पनि कम्पनीले आफ्ना शेयरधनी महानुभावहरुलाई १० प्रतिशत नगद लाभाशं वितरण गर्न पाउदा अत्यन्तै खुसी लागेको छ । तर आगामी समयहरु निकै कठिन हुनेछ भन्ने हामीलाई लागि रहेको र यसमा पनि पर्यटन क्षेत्रमा यसको प्रभाव निकै लामो समयसम्म रहनेछ भन्ने हामीलाई लागेको छ । कोभिड भन्दा अगाडिको अवस्थामा पुग्न होटललाई कम्तीमा २ वर्ष लाग्न सक्ने होटल संघ नेपालको अनुमान रहेको छ । तरपनि कसरी बढी आम्दानी कमाउन भन्ने विषयमा निरन्तर रुपमा रणनितिक छलफलहरु भई रहेको छ हायातसँग पनि कुराहरु भईरहेको छ । यसका लागि हाम्रो नजिकको छिमेकी देश भारतबाट कसरी पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ, शेयरधनी महानुभावहरुले भन्नु भएको जस्तो धार्मिक पर्यटक बढाउने, ठूला ठूला विवाह, समारोह तथा पार्टीहरुको लागि नम्बर एक गन्तव्य बनाउनु पर्ने तर्फ लक्षित हुनु पर्दछ भन्ने लागेको छ । होटल चलिरहेको अवस्थामा रिनोभेसन गर्न गह्रो पनि हुन्छ । हालको खाली समयमा कसरी गुणस्तरिय



काठमाडौं

पर्यटकहरुलाई आकर्षण गर्न, नेपालको Best Service र Best Facility दिनको लागी क्याफे/रेष्टुेष्टलाई नयाँ स्वरुपमा स्तरउन्नती गर्ने काम भईरहेको छ साथै स्पा, फिटनेस सेन्टरको रिनोभेसन लगायतका कामहरु आगामी १-२ वर्षमा सक्ने लक्ष्य रहेको छ । आगामी दिनहरुमा कसरी आन्तरीक पर्यटकहरुलाई प्रोत्साहन गर्न सकिन्छ भन्ने तर्फ ध्यान दिइने छ । वार्षिक प्रतिवेदनमा सूचाङ्कहरु राखिएको छ । आगामी वर्षहरुमा अझ बढी financial indicator हरु राख्ने छौं । वृद्ध वृद्धाहरुको लागि प्याकेजहरु बनाउनको लागि बिचार गरिने छ । यस वर्ष कोराना भाइरसको असरले गर्दा वार्षिक साधारण सभा केही ढिलो हुन गएको हो । विदेशी लगानीकर्ता शेयरधनीहरुको लाभांष भुक्तानी गर्न बाँकी छ । श्री नेपाल राष्ट्र बैंकबाट लाभांष भुक्तानीको लागि स्विकृती माग गरिएकोमा हालसम्म स्विकृति प्राप्त नभएको हुनाले विदेशी लगानीकर्ताहरुको लाभांष भुक्तानी गर्न पुरै बाँकी छ साथै केही स्वदेशी लगानीकर्ता शेयरधनीहरुले पनि लाभांष बुझिलिन बाँकी रहेकोछ ।

१०. कार्यकारी सञ्चालकज्यूको प्रति उत्तर पश्चात निर्वाचन अधिकृतले समुह ग को शेयरधनीहरुको प्रतिनिधित्व गर्ने एक जना शेयरधनीको निर्वाचन गर्ने कार्यक्रम रहेकोमा एक मात्र उम्मेदवार श्रीमती कमला देवी श्रेष्ठज्यूको मात्र मनोनयनपत्र दर्ता भएको हुनाले वहाँ निर्विरोध निर्वाचित हुनु भएको हार्दिक बधाई ज्ञापन गर्दै सफलताको कामना गर्दै प्रमाणपत्र प्रदान गर्नु भयो । तत्पश्चात वहाँलाई संचालक समितिका तर्फबाट स्वागत गरियो ।

## ११. छलफल तथा निर्णयहरु :

**(क) सामान्य प्रस्ताव**

**प्रस्ताव नं. १ :**

अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७६।०७७ को वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. २ :**

लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७६।०७७ (२०१९।२०२०) को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. ३ :**

आ.व. २०७७।०७८ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत हुदाँ लेखापरिक्षण समितिको सिफारिश अनुसार आ.व. २०७७/०७८ को लेखापरिक्षण गर्नको लागि हालको लेखापरिक्षक सुन्दर एण्ड कम्पनी पुन: नियुक्त हुन नसक्ने भएको हुदाँ बि.के. अग्रवाल एण्ड कम्पनीका श्री बि.के. अग्रवालज्यूलाई रु. २,००,०००।- (मु.अ.कर बाहेक) परिश्रमिक दिने गरी मा आ.ब. २०७७।०७८ को लागि लेखापरिक्षक नियुक्त गर्ने प्रस्ताब सर्वसम्मतबाट पारित गरियो ।

**प्रस्ताव नं. ४ :**

समुह "ग" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने एकजना संचालकको निर्वाचन गर्ने विषयमा संचालक श्रीमती कमला देबी श्रेष्ठको मात्र मनोनयन पत्र परेको हुँदा वहाँ निर्विरोध निर्वाचित भएको

व्योहोरा कम्पनीद्धारा नियुक्त निर्वाचन अधिकृत श्री कृष्ण प्रसाद पनेरुले जानकारी गराए पश्चात सो प्रस्ताब सर्ब सम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. ५ :**
शेयरधनीहरुलाई चुक्ता पूजीको १० प्रतिशत (कर समेत) नगद लाभांश वितरण गर्ने प्रस्ताव सभामा छलफल हुँदा सर्वसम्मतिबाट पारित भयो ।

**(ख) विविध प्रस्ताव ।**
विविध प्रस्ताव अन्तर्गत अन्य कुनै प्रस्तावहरु नभएको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

## १२. धन्यवाद ज्ञापन :

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभा सञ्चालकले सभाका अध्यक्ष श्री राधेश्याम सराफज्यूलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो र सभा अध्यक्ष श्री राधेश्याम सराफज्यूको आज्ञाले श्री अरुण कुमार सराफज्यूले शेयरधनीमहानुभावहरु लगायत विभिन्न नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायत समस्त ग्राहक महानुभावहरु, शुभचिन्तकहरु, वित्तीय श्रोत उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, शेयर रजिष्टार, व्यवस्थापन पक्ष, सञ्चार जगत तथा कम्पनीका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दै २४औं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

रमण कुमार कर्ण
कम्पनी सचिव

श्री राधेश्याम सराफ
सभाका अध्यक्ष